# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४२) काठमाडौं, माघ १५ गते २०४९ साल (अतिरिक्ताङ्क ५६ (क)

## भाग ३

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको सूचना

#### राजगुरुज्यू तथा मूल पुरोहित सम्बन्धी नियमावली, २०४९

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राजगुरुज्यू तथा मूल पुरोहितको नियुक्ति, योग्यता, बर्खासी, तलब, भत्ता, बिदा, निवृत्तिभरण, सेवाका शर्त तथा आचरण सम्बन्धी व्यवस्थालाई समसामयिक र नियमबद्ध गर्न वान्छनीय भएकोले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२१ बमोजिम राजगुरुज्यू तथा मूल पुरोहित सम्बन्धी देहायका नियमहरू बनाइ जारी गरिबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (क) यो नियमहरूको नाम "राजगुरुज्यू तथा मूल पुरोहित सम्बन्धी नियमावली, २०४९" रहेको छ ।

(ख) यो नियमावली तुरुन्त लागू हुनेछ ।

२. परिभाषा– यो नियमावलीमाः

(क) "समिति" भन्नाले नियम १३ बमोजिम गठन भएको समितिलाई जनाउँछ ।

(ख) "राजगुरुज्यू" भन्नाले नियम ३ बमोजिम नियुक्त भएका बडागुरुज्यू तथा नायब बडागुरुज्यूलाई जनाउँछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) "मूल पुरोहित" भन्नाले नियम ३ बमोजिम नियुक्त भएका मूल पुरोहित-लाई जनाउँछ।

३. राजगुरुज्यू तथा मूल पुरोहितको नियुक्ति– श्री ५ महाराजाधिराजबाट समितिको परामर्शमा देहायका राजगुरुज्यू तथा मूल पुरोहितको नियुक्ति गर्न सकिबक्सनेछः–

(क) बडागुरुज्यू एक १

(ख) नायव बडागुरुज्यू एक १

(ग) मूल पुरोहित १

४. राजगुरुज्यू तथा मूल पुरोहित हुन आवश्यक योग्यता– देहायको योग्यता भएको कुनै व्यक्ति बडागुरुज्यू, नायव बडागुरुज्यू वा मूल पुरोहितको पदमा नियुक्त हुन सक्नेछः

(क) वंशजको नाताले नेपालको नागरिक, उपाध्याय ब्राह्मण तथा वैदिक हिन्दू धर्मावलम्बी हुनुपर्ने,

(ख) श्री ५ को सरकारबाट स्वीकृत वा कुनै विख्यात शिक्षण संस्थानबाट संस्कृतमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरेको,

(ग) उच्च नैतिक तथा धार्मिक आचरण भएको र यथाशक्य नेपाली समाजमा ख्याती प्राप्त गरेको,

(घ) राजनीतिमा नलागेको,

(ङ) स्वस्थ र कुनै अंगभंग नभएको,

(च) बडागुरुज्यूका हकमा कम्तीमा ५० वर्ष, नायव बडागुरुज्यूका हकमा कम्तीमा ४५ वर्ष र मूल पुरोहितका हकमा कम्तीमा ३० वर्ष उमेर पुगेको, र

(छ) मूल पुरोहितको हकमा प्रचलित बैद्धिक कर्मकाण्ड सम्बन्धी सिद्धान्त र प्रयोगको ज्ञान भएको।

५. राजगुरुज्यू तथा मूल पुरोहित आफ्नो कार्यभारबाट मुक्त हुने व्यवस्था–

(१) राजगुरुज्यू तथा मूल पुरोहित देहायका अवस्थामा आफ्नो कार्यभारबाट मुक्त हुनेछः–

(क) लिखित राजीनामा श्री ५ महाराजाधिराजबाट स्वीकृत गरिबक्सेमा,

(ख) शारीरिक वा मानसिक असक्तताले गर्दा वा अन्य कुनै कारणले आफ्नो पदको कार्यभार पूरा गर्न समर्थ छैन भन्ने सम्झिबक्सी श्री ५ महाराजाधिराजबाट हटाइ बक्सेमा,



१०६२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) नेपालको नागरिक नरहेको वा ब्राह्मण कर्म वा वैदिक हिन्दू धर्मबाट च्यूत भएको वा उच्च नैतिक आचरणमा नरहेको वा समाजमा बदनाम भएको भन्ने सम्झिबक्सी कुनै कारण खोली वा नखोली श्री ५ महाराजाधिराजबाट स्वविवेकले हटाइ बक्सेमा,

(घ) अंगभंग भएमा ।

(२) उपनियम (१) को खण्ड (ख), (ग) र (घ) मा लेखिएको कुनै अवस्थामा कुनै राजगुरुज्यू वा मूल पुरोहितलाई निजको पदबाट मुक्त गर्नु अघि श्री ५ महाराजाधिराजबाट उपयुक्त सम्झिबक्सेमा समितिसँग परामर्श गर्न सकिबक्सनेछ ।

(३) बडागुरुज्यू ७५ वर्ष, नायब बडागुरुज्यू ७५ वर्ष र मूल पुरोहित ७० वर्षको उमेर पुगेमा सेवा निवृत्त हुनेछन् ।

६. काम, कर्तव्य–

(१) राजपरिवारमा चलिआएको परम्परागत धर्म, कर्म, संस्कार र मुलुकको परम्परानुसार भइरहेको धर्म सम्बन्धी गुठी, शिवालय, देवालय इत्यादि कुरामा गर्नुपर्ने कामकाजको जिम्मा र जवाफदेही राजगुरुज्यू तथा मूल पुरोहितको हुनेछ तथा समयानुसार धर्म सम्बन्धी कुरा राजपरिवार र नेपाली समाजमा बराबर सरल किसिमले व्याख्या गरी समय-समयमा धर्म प्रचार, गोष्ठी, प्रवचनद्वारा मानसिक शान्ति र सामाजिक आचरण सुधार गर्नु पनि राजगुरुज्यू तथा मूल पुरोहितको कर्तव्य हुनेछ ।

(२) राजगुरुज्यू तथा मूल पुरोहितको अन्य काम, कर्तव्य श्री ५ महाराजाधिराजबाट समय-समयमा तोकिबक्से बमोजिम हुनेछ ।

(३) राजगुरुज्यू तथा मूल पुरोहितले आफूलाई तोकिएको समय तथा ठाउँमा उपस्थित हुनुपर्नेछ ।

७. बिदा–

(१) अशक्त भई वा उपस्थित हुन नसकिने विशेष कारण परेमा बाहेक राजगुरुज्यू तथा मूल पुरोहितले धार्मिक रितिस्थिति तथा परम्परा अनुसार राजदरबारमा हुने र गरिआएका काम नरोकिने गरी राजप्रासाद सेवा नियमावली बमोजिमका बिरामी र घर बिदाको सहुलियत पाउनेछन् ।



9063

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिम बिदा बस्दा प्रमुख राजदरबार पदाधिकारी कार्यालय मार्फत श्री ५ महाराजाधिराजका हजूरमा जाहेर गरी निकासा भए बमोजिम गर्नुपर्नेछ ।

८. उपत्यका बाहिर जाँदा स्वीकृति लिने–

काठमाडौं उपत्यका बाहिर जानु परेमा राजगुरुज्यू तथा मूल पुरोहितले पूर्व स्वीकृति लिएर मात्र जानु पर्नेछ ।

९. निवृत्तभरण पाउने–

राजगुरुज्यू वा मूल पुरोहितको पदमा रही २० वर्ष वा सो भन्दा बढी अवधिको सेवा गरेको वा त्यस्तो राजगुरुज्यू वा मूल पुरोहितको पदमा रही गरेको सेवा र अन्य कुनै सरकारी वा शिक्षण संस्थाको सेवामा रही गरेको सेवा अवधि जोड्दा २० वर्ष वा सो भन्दा बढी हुने रहेछ भने त्यस्तो राजगुरुज्यू वा मूल पुरोहितले आफ्नो पदबाट अवकाश लिएपछि श्री ५ को सरकारको निजामती सेवामा व्यवस्था भए बमोजिम निजामती कर्मचारी सरह मासिक निवृत्तभरण पाउनेछन् ।

१०. राजगुरुज्यू तथा मूल पुरोहितकी विधवा पत्नीले निवृत्तभरण पाउने–

राजगुरुज्यू वा मूल पुरोहितले यस नियमावली बमोजिम निवृत्तभरण पाउन सक्ने अवस्था भएपछि निजको मृत्यु भएमा श्री ५ को सरकारको निजामती सेवामा व्यवस्था भए बमोजिम निजकी विधवा पत्नीले निवृत्तभरण पाउनेछन् ।

११. उपदान–

५ वर्षको सेवा पूरा भएको तर २० वर्षको सेवा अवधि पूरा नगरेका राजगुरुज्यू वा मूल पुरोहितले अवकाश प्राप्त गरेमा श्री ५ को सरकारको निजामती सेवामा व्यवस्था भए बमोजिम उपदान पाउनेछन् ।

१२. उपचार खर्च–

राजगुरुज्यू वा मूल पुरोहित बिरामी भई औषधोपचार गराउँदा श्री ५ को सरकारको निजामती सेवामा व्यवस्था भए बमोजिम खर्च लिन पाउनेछन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३. समिति–

यो नियमावली बमोजिम राजगुरुज्यू तथा मूल पुरोहितको नियुक्ति तथा आचरणका सम्बन्धमा श्री ५ महाराजाधिराजका जुनाफमा परामर्श टक्र्याउन देहायका सदस्यहरूको एक समिति गठन गर्न सकिबक्सनेछ :

(क) सभापति, राजपरिषद् स्थायी समिति – अध्यक्ष

(ख) राजदरबार सम्बन्धी मन्त्री – सदस्य

(ग) बडागुरुज्यू "

स्पष्टीकरण :– बडागुरुज्यूको सम्बन्धमा परामर्श टक्र्याउने समितिमा नायव बडागुरुज्यू सदस्य हुनेछन् ।

(घ) प्रधान न्यायाधीशले तोकेको सर्वोच्च अदालतको न्यायाधीश एक –सदस्य

(ङ) मुख्य साहेबज्यू – "

(च) महेन्द्र संस्कृत विश्व विद्यालयका उप-कुलपति वा निज नरहेको अवस्थामा श्री ५ बाट तोकिबक्सेको एकजना संस्कृत ज्ञाता – "

(छ) हाकिम, प्रमुख राजदरबार पदाधिकारी कार्यालय – "

(ज) प्रमुख सचिवालयको प्रमुख सचिव वा सचिव – "

(झ) प्रमुख राजदरबार पदाधिकारी कार्यालयको सचिव – सदस्य-सचिव

१४. दैनिक तथा भ्रमण भत्ता–

आफ्नो पदीय कामको सिलसिलामा भ्रमणमा जानु परेमा राजगुरुज्यूले रा.प. विशिष्ट श्रेणी सरह र मूल पुरोहितले रा. प. प्रथम श्रेणी सरह दैनिक तथा भ्रमण भत्ता पाउनेछन् ।

१५. पारिश्रमिक, मोटर, इन्धन र टेलिफोन सुविधा–

राजगुरुज्यू तथा मूल पुरोहितको तलब, भत्ता, सवारी साधन, टेलिफोन तथा इन्धनको सुविधाको व्यवस्था तथा तत्सम्बन्धी कारवाही श्री ५ को सरकारले गर्नेछ ।

१६. निवृत्तभरण, उपदान, संचयकोष र अन्य सुविधाको व्यवस्था–

राजगुरुज्यू तथा मूल पुरोहितको घरबिदा, बिरामी बिदाको रकम, निवृत्तभरण, उपदान, संचयकोष र समय-समयमा उपलब्ध हुने अन्य सुविधा सम्बन्धमा राजगुरुज्यूको हकमा रा.प. विशिष्ट श्रेणी सरह र मूल पुरोहितको हकमा रा. प. प्रथम श्रेणी सरह पाउने गरी श्री ५ को सरकारले व्यवस्था गर्नेछ ।



१०६७

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१७. खारेजी र बचाउ–

(१) राजगुरुज्यू तथा मूल पुरोहित सम्बन्धी नियमावली, २०२६ खारेज गरिएको छ ।

(२) यो नियमावली लागू हुनुभन्दा अघि बहाल रहेका बडागुरुज्यू तथा मूल पुरोहित यो नियमावली बमोजिम नियुक्ति भएका मानिनेछन् ।

(३) अन्य प्रचलित नेपाल अधिराज्यको कानून तथा लालमोहर इत्यादिमा जेसुकै लेखिएको भएता पनि यो नियमावलीमा व्यवस्था भए जति कुरामा यो नियमावली बमोजिम नै हुनेछ ।

हुकुम बक्से बमोजिम,
रेवतीरमण खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

१०६५



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, नेपाल सरकार